आलिताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आलिताल,डडेल्धुरा

७ नं.प्रदेस नेपाल

# आर्थिक ऐन-२०७५

आ.व.२०७५/०७६

अध्यक्ष
बलबहादुर गुरुङ

# आलिताल गाउँपालिकाको आर्थिक ऐन-२०७५

गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम आलिताल गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५ " रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि आलिताल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।करका दर गाउँकार्यपालिकावाट कार्यविधि स्वीकृत गरि लागु गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: दफा २ बमोजिम एकिकृत सम्पत्ति कर लागू नहुञ्जेलसम्म गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

अध्यक्ष
बलबहादुर गुरुङ

७. **पटके सवारी कर तथा पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (५) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **सेवा शुल्क,सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (६) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (७) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **प्राकृतिक स्रोत करः-** गाउँपालिका क्षेत्रभित्र माटो, गिटी, वालुवा र दहत्तर बहत्तरको संकलनमा अनुसूची (८) बमोजिम कर लगाई असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम आलिताल गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. **सेवा शुल्क दस्तुरः-** यस गाउँपालिकाले प्रदान गरेको सेवा वापत अनुसूची (९) बमोजिम सेवा शुल्क तथा दस्तुर लाग्नेछ ।

१२. **कर छुटः** यस प्रचलित कानूनमा जुनसुकै कुरा लिखिएको भए तापनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(३) उपदफा (१) बमोजिम करको दर, घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण गाउँ सभामा पेश गर्नु पर्नेछ ।

अध्यक्ष
बलबहादुर गुरुङ

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१४. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः-** यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलिकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१५. **निर्देशिका बनाउन सक्नेः-** यो ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

अध्यक्ष
बलबहादुर गुरुङ

अनुसूचि-१

(दफा ३ सँग सम्वन्धित)

भुमिकर

१. भुमिकर अर्न्तगत(मालपोत) एकिकृत सम्पत्ति कर लागु नहुन्जेल सम्मको लागी तपसिल अनुसार लागु हुनेछ।

१- मालपोत

१० रोपनी भन्दा कम जग्गाको करको दायरा (प्रति रोपनी)

| जग्गाको किसीम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | १० | ६ | ५ | ३ |
| खेत | १५ | १० | १० | ७ |

११-२० रोपनी सम्म

| जग्गाको किसीम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | १५ | १० | ७ | ५ |
| खेत | १७ | १३ | १० | ७ |

२०-३० रोपनीसम्म

| जग्गाको किसीम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | २० | २० | १५ | १० |
| खेत | २५ | २० | १५ | १२ |

३० रोपनी भन्दा माथि

| जग्गाको किसीम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| पाखो | २५ | २० | २० | १५ |
| खेत | ३५ | ३० | २५ | २० |

अध्यक्ष
बलबहादुर गुरुङ्ग

अनुसुचि-२

(दफा ४ सँग सम्वन्धित)

**घर कर**

१. घर वहाल कर अर्न्तगत(घरकर) एकिकृत सम्पत्ति कर लागु नहुन्जेल सम्मको लागी तपसिल अनुसार लागु हुनेछ।

**घरकर**

| सि.नं. | घरको किसिम | गाउँमा भएको घरको किसिम | | | बजारमा भएको घरको किसिम | | |
|---|---|---|---|---|---|---|---|
| | | १ तला | २ तला | ३ तला | १ तला | २ तला | ३ तला |
| १ | काठको कच्चि घर खर वा कर्कट पाताले छाएको | ३०।- | ४०।- | ६०।- | ७५।- | १००।- | १२५।- |
| २ | ढुङ्गाको पक्कि घर स्लेट वाकर्कटपाताले छाएको | ७५।- | १००।- | १२५।- | १००।- | १२५।- | १५०।- |
| ३ | ढुङ्गाकोवा इटाको पक्की लेन्टर ( RCC) घर | १००।- | १५०।- | २००।- | २००।- | ३००।- | ४००।- |
| ४ | घर वहाल कर | वहाल कर रकमको २% | | | | | |

अनुसुचि-३

(दफा ५ सँग सम्वन्धित)

**व्यवसाय कर**

**१.व्यवसाय कर तपसिल अनुसार लागु हुने छ।**

| क्र.स. | विवरण | व्यवसाय करको दर | | कैफियत |
|---|---|---|---|---|
| | | नयाँ दर्ता | नविकरण | |
| १ | खुद्रा किरना पसल | १०००।- | ५००।- | |
| २ | थोक किराना पसल | २५००।- | १०००।- | |
| ३ | सिलाई कटाई पसल | ५००।- | ३००।- | |
| ४ | कपडा रेडिमेट,फेन्सि पसल | २५००।- | १०००।- | |
| ५ | फलफुल र तरकारी पसल | ५००।- | ३००।- | |
| ६ | श्रृङ्गार/ब्युटिपालर पसल | १०००।- | ५००।- | |
| ७ | सेलुन पसल(कपाल काटने) | ५००।- | ३००।- | |
| ८ | मासु पसल | १०००।- | ५००।- | |
| ९ | जुता पसल जुता सिउने | ५००।- | ३००।- | |
| १० | मोटरसाईकल मर्मत गर्ने पसल | १०००।- | ५००।- | |
| ११ | मेटेलका फर्निचर वा उद्योग वर्कशप | ५०००।- | २०००।- | |
| १२ | भाडा पसल | १०००।- | ५००।- | |
| १३ | चिया तथा नास्ता पसल | १०००।- | ३००।- | |
| १४ | होटल व्यवसाय | २०००।- | ५००।- | |

अध्यक्ष

...लबहादर गुरुङ्ग

| | | | | |
|---|---|---|---|---|
| १५ | कुटानी पिसानी मिल | १०००।- | ५००।- | |
| १६ | बैंक तथा वित्तिय संघसंस्था | १०००।- | ५००।- | |
| १७ | दुग्ध व्यवसाय/डेरी उद्योग | ५००।- | ३००।- | |
| १८ | औषधि पसल मेडिकल | १०००।- | ५००।- | |
| १९ | सुनचादी गहना पसल | १०००।- | ५००।- | |
| २० | हार्डवेयर पसल (छड,सिमेन्ट,कर्कटपाता,सेनेटरी) | १५००।- | १०००।- | |
| २१ | विजुलिका समान बिक्रि गर्ने ईलेक्टिक पसल | १०००।- | ५००।- | |
| २२ | स्टेसनरि पसल(पुस्तकालय) | १०००।- | ५००।- | |
| २३ | डिजल,पेट्रोल मट्टितेल विक्रि पसल | १५००।- | १०००।- | |
| २४ | फर्निचर उद्योग तथा विक्रि पसल | १५००।- | १०००।- | |
| २५ | रेडियो,घडी,मोवाईल मर्मत पसल | १०००।- | ५००।- | |
| २६ | फोटो स्टुडियो | १०००।- | ५००।- | |
| २७ | साईन वोर्ड पेन्टिङ्ग आर्ट पसल | १०००।- | ५००।- | |
| २८ | पशु औषधालय | १०००।- | ५००।- | |
| २९ | पोल्टि फर्म | १०००।- | ५००।- | |
| ३० | बाख्रा,गाई,भैसि,बंगुर,एवम पशुपालन फर्म | १५००।- | १०००। | |
| ३१ | मदिरा पसल दर्ता(मुख्य वजारमा मात्र) | ५००००।- | ५०००। | |
| ३२ | "घ" वर्गको निर्माण व्यवसाय फर्म | १५०००।- | ३०००।- | |
| ३३ | कानुनी फर्म | १०००।- | ३००।- | |
| ३४ | लेखापरिक्षक फर्म | १०००।- | ३००।- | |
| ३५ | कम्पुटर ईन्सिच्युट | १५००।- | १०००। | |
| ३६ | वित्तिय संस्था सहकारी दर्ता | ५००।- | १००।- | |
| ३७ | टावर राखि संचार सेवा उपलब्ध गराउने पसल | ५०००।- | १०००।- | |
| ३८ | सप्लायर्स | १०००।- | ३००।- | |
| ३९ | समुह दर्ता | ३००।- | ५०।- | |
| ४० | निजि स्कुल दर्ता(बोडिङ्ग) | ५०००।- | १०००।- | |
| ४१ | गै.स.स. दर्ता | ५०००।- | १०००।- | |

अध्यक्ष
बलबहादुर गुरुङ्ग

आठबीसकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आठबीसकोट, रुकुम
७ नं. प्रदेश, नेपाल

अनुसुचि-४

(दफा ६ सँग सम्वन्धित)

**जडिवुडी कवाडी र स्थानीय काठ :-**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | तेजपात प्रति के.जी | २।- | |
| २ | रिठा प्रति के.जी | २।- | |
| ३ | काउलो प्रति के.जी | ३।- | |
| ४ | खोटो प्रति के.जी | ३।- | |
| ५ | अन्य वनस्पति झ्याउ,च्याउ प्रति के.जी | ३।- | |
| ६ | कवाडी प्रति के.जी | १।- | |
| | **स्थानीय काठ** | | |
| ५ | साल प्रति क्यूफिट | ५०।- | |
| ६ | सल्ला | १०।- | |
| ७ | अस्ना | १०।- | |
| ८ | जमुना | १०।- | |
| ९ | टुणी | १०।- | |
| १० | सिसम | २५।- | |
| ११ | खयर | १०।- | |
| १२ | अन्य प्रजातीको काठमा प्रति क्यूफिट | ५।- | |
| १३ | दाउरा प्रति गाडी | ५०००।- | |

अनुसुचि-०५

(दफा ७ सँग सम्वन्धित)

**४- पटके सवारी कर तथा पार्किङ शुल्क**

| क्र.सं. | विवरण | रातो प्लेट | पहेलो प्लेट | कालो प्लेट | विदेशी |
|---|---|---|---|---|---|
| १ | निजीतथा भाडाका जीप, माइक्रो जिपआदि | २५।- | - | ५० | १०० |
| २ | भाडामा चल्ने ट्रेक्टर | ७५ | | १०० | २०० |
| ३ | वस,ट्रक,लहरीतथा मिनि वस | ० | ५० | १०० | २०० |
| ४ | डोजर, क्रेन, लोडर, हेविइक्युप्मेन्ट | १५० | ० | २०० | ४०० |
| ५ | मोटर साइकल तथा स्कुटर | ० | ० | ० | ० |

अध्यक्ष
बलबहादुर गुरुङ

अनुसुचि-६
(दफा ८ सँग सम्वन्धित)

१. सेवा शुल्क र सिफारिस दस्तुरः-

| क्र.स. | विवरण | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | **घटना दर्ता (जन्म,मृत्यू,वसाईसराई ) (३५ दिन भित्र दर्ता गराएमा)** | निशुल्क | |
| २ | **घटना दर्ता (जन्म,मृत्यू,वसाईसराई ) (३५ दिन पछि)** | ५०।- | |
| ३ | पंजिकरण प्रतिलिपी | १०० ।- | |
| ४ | नागरिकता सिफारिस | ११० ।- | |
| ५ | नागरिकता प्रतिलिपी | १६०।- | |
| ६ | नाता प्रमाणित | १६०।- | |
| ७ | नाता प्रमाणित फिल्डमा | ५००।- | |
| ८ | चार किल्ला प्रमाणित | ५००।- | |
| ९ | चार किल्ला प्रमाणित फिल्डमा | १०००।- | |
| १० | जग्गाखरिद बिक्री सिफारिस | ३००।- | |
| ११ | अंशवण्डा सिफारिस | ४००।- | |
| १२ | व्यावसाय तथा उद्योग दर्ता सिफारिस | ५००।- | |
| १३ | सहकारी दर्ता सिफारिस | २००।- | |
| १४ | समुह दर्ता सिफारिस | १५०।- | |
| १५ | संस्था दर्ता सिफारिस | ५००।- | |
| १६ | विद्युत जडान सिफारिस | २००।- | |
| १७ | आर्थिक अवस्था सम्वन्धि सिफारिस | १००।- | |
| १८ | घरवाटो सिफारिस | २००।- | |
| १९ | फरक नाम थर जन्ममिति सिफारिस | १५०।- | |
| २० | अविवाहित प्रमाणित सिफारिस | २००।- | |
| २१ | जन्मायनि प्रमाणपत्र हराएको सिफारिस | २००।- | |
| २२ | हकदार प्रमाणित सिफारिस | २५०।- | |
| २३ | छात्रवृत्ति सिफारिस | ५०।- | |
| २४ | अपाङ्ग सिफारिस | ५०।- | |
| २५ | स्थायी बसोवास प्रमाणित | १००।- | |
| २६ | नावालक सम्वन्धि सिफारिस | १००।- | |
| २७ | नाम सारी र ठाँउ सारी सिफारिस | २५०।- | |
| २८ | पुर्व प्रा.वि. खोल्ने अनुमति | ५००।- | |
| २९ | कक्षा थप गर्ने सिफारिस | ५००।- | |
| ३० | दलित,जनजाती प्रमाणित सिफारिस | १००। | |
| ३१ | वार्षिक आयश्रोत प्रमाणित सिफारिस | २००- | |
| ३२ | चलअचल सम्पति मुल्याकंन सिफारिस | ५००।- | |
| ३३ | निशुल्क उपचारका लागी सिफारिस | ५०।- | |
| ३४ | कार्यक्रम संचालनको अनुमति सिफारिस | ५००।- | |
| ३५ | मुल दर्ता सिफारिस | ५००।- | |
| ३६ | घरको नक्सा पास गर्दाभा भए(प्रतिवर्ग फिट) | २।- | |

अध्यक्ष
बलबहादुर गुरुङ

| | | | |
|---|---|---|---|
| ३७ | घरको नक्सा पास वजामा भए(प्रतिवर्ग फिट) | ४।- | |
| ३८ | गै.स.स दर्ता सिफारिस शुल्क | १०००।- | |
| ३९ | हातहतियार इजाजतपत्र नविकरण | २००।- | |
| ४० | गाउँपालिकाको हलभाँडा(प्रोजेक्टर सहित) प्रतिदिन | १०००।- | |

नोटः- यो ऐनमा नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरि गाउँकार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

अनुसुचि-७

(दफा ९ सँग सम्वन्धित)

**पर्यटन शुल्कः-**

| क्र.स. | विवरण | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | स्वदेसी पर्यटकको लागी प्रवेस शुल्क | २००।- | |
| २ | विदेसि पर्यटकको लागी प्रवेस शुल्क | ५००।- | |

नोटः- गा.पा.ले आफ्नो क्षेत्राधिकार भित्र पर्ने वा आफैले निर्माण गरेको पर्यटकिय स्थल,पर्यटन व्यवसाय र पर्यटकिय क्रियाकलापमा सेवाको लागत संचालन र सम्भार खर्चलाई समेत आधार मानी उल्लेखित पर्यटन शुल्क उठाईने छ।

अनुसुचि-८

(दफा १० सँग सम्वन्धित)

**प्राकृतिक स्रोत करः-(स्थानीय प्राकृतिक स्रोत तथा प्रयोग कर)**

| क्र.स. | विवरण | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १ | वालुवा,गिट्टी,ढुङ्गा प्रति ट्रक/टिप्पर | गा.पा.भित्र २००।- गा.पा.वाहिर ३००।- | |
| २ | वालुवा,गिट्टी,ढुङ्गा प्रति ट्राक्टर | गा.पा.भित्र १००।- गा.पा.वाहिर २००।- | |

अध्यक्ष

बलबहादुर गुरुङ